# धनगढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा
२ नं. प्रदेश, नेपाल
स्था : २०७३
फोन नं. : ०३३-५४५२३८
Email: dhangadhimai@gmail.com


प.स. : २०७४/७५ मिति : २०७४/११/२७
च.नं. :

बिषय : दलित विद्यार्थी छात्रवृत्ति सम्बन्धी सूचना ।

धनगढीमाई नगरपालिकाको २०७४ पौष १९ र २० गते सम्पन्न प्रथम नगरसभा अधिवेशनबाट पारित आर्थिक वर्ष २०७४।७५को नीति तथा कार्यक्रम तथा धनगढीमाई नगरकार्यपालिकाको निर्णयानुसार धनगढीमाई नगरपालिकाभित्रका सामुदायीक विद्यालयबाट गत वर्ष एस ई ई परीक्षा उतीर्ण गरी यस वर्ष सो भन्दा माथिल्लो तहमा अध्ययन गरिरहेका दलित समुदायबाट सबैभन्दा उच्च अंक प्राप्त गर्ने एक छात्र र एक छात्रा दलित विद्यार्थीलाई तपसिल बमोजिम कागजात र विवरण संलग्न गरी छात्रवृत्तिका लागि आवेदन दिन यो सूचना प्रकासित गरिएको छ ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाण-पत्र ।

२. सम्बन्धित विद्यालयबाट प्राप्त चारित्रिक प्रमाण पत्र र सिफारिश पत्र ।

३. धनगढीमाई नगरपालिकाको सामुदायीक विद्यालयबाट गत वर्ष (२०७३ मा परीक्षा दिई यस वर्ष २०७४मा परीक्षाफल प्रकासित भएको ) एस ई इ उतीर्ण गरेको लब्धांक पत्र (Mark Sheet) ।

४. हाल अध्ययन गरिरहेको शैक्षिक संस्थाको विद्यार्थी भएको प्रमाणित कागजात सहितको सिफारिश पत्र ।

५. सम्बन्धित वडाको सिफारिश ।

६. विद्यार्थीको बैंक खाता नं. उल्लेख गर्नुपर्ने ।

७. आवेदन दिनुपर्ने अवधि : २०७४ चैत्र ३ गतेसम्म ।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत